# साना किसान विकास बैंक लि.



## यात्रा एक दशकको

जेठ २०६९

साना किसान विकास बैंक लि.

सुविधानगर, तिनकुने, काठमाडौं

# साना किसान विकास बैंकको - यात्रा एक दशकको

## १. साना किसान विकास कार्यक्रमको प्रारम्भ



ग्रामीण गरिबहरूको आर्थिक अवस्थामा अपेक्षित सुधार गरी ग्रामीण विपन्नता कम गर्दै देशको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखी सन् १९५० को दशकदेखि नै नेपालमा विभिन्न कृषि तथा ग्रामीण विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । सन् १९७० को मध्य दशकसम्म सञ्चालित त्यस्ता ग्रामीण विकासका कार्यक्रमबाट वास्तविक गरिबभन्दा शिक्षित, उच्च आर्थिक तथा सामाजिक अवस्था र समाजका प्रभुत्ववर्ग नै लाभान्वित हुन पुगे र परिणामतः सम्पन्न र विपन्नबीचको अन्तर झन् फराकिलो हुँदै गएको महसुस गरी विपन्न वर्गलाई नै लक्षित गरी सरकारी स्तरबाट छुट्टै नीति तथा विकास कार्यक्रम तय हुनुपर्ने महसुस गरियो । यसै परिप्रेक्ष्यमा सरकार तथा अन्तराष्ट्रिय सङ्घ/संस्थाबीच भएको विचारगोष्ठीको फलस्वरूप सन् १९७५ मा नेपालमा साना किसान विकास कार्यक्रम सञ्चालनको थालनी भयो र यसलाई विस्तार गर्दै राष्ट्रिय कार्यक्रमका रूपमा समेत घोषणा गरियो । कृषि विकास बैंकबाट सञ्चालित यस कार्यक्रमको विस्तार हुँदै एक समयमा देशको ६५२ गाउँ विकास समितिका करिब २ लाख १० हजार साना किसान परिवारसम्म पुगी सङ्गठनात्मक विकासका माध्यमबाट सेवा प्रवाह गर्न अग्रसर रह्यो ।

## २. साना किसान सहकारी संस्थाको उदय :

कार्यक्रम सञ्चालनको लामो अवधिमा यसबाट लाभान्वित गरिबको सङ्ख्यालाई दृष्ट्रिगत गर्दा अधिकतम गरिबसम्म पुग्नुपर्ने बैंकको चुनौती एकातर्फ कायमै रह्यो भने अर्कोतर्फ कार्यक्रम

## साना किसान सहकारी संस्थाको विशेषता

- लक्षित वर्गकेन्द्रित समूह अवधारणामा आधारित सामुदायिक संरचना ।
- समुदाय, जातजाति, लिङ्ग र व्यक्तिलाई विभेद नगरी कार्यक्षेत्रका सवै विपन्नलाई समान सहभागिताको अवसर ।
- सञ्चालन, व्यवस्थापन र स्वामित्व साना किसानमा नै निहित ।
- गाउँस्तरमा समूह, वडास्तरमा अन्तर समूह र गाउँ विकास समिति स्तरमा मूल समितिको त्रितहात्मक साङ्गठनिक संरचना ।
- संस्था सञ्चालनको शिरोभार खर्च अत्यन्त न्यून।
- विभिन्न प्रकारका वित्तीय सेवा (बचत, ऋण, बीमा, विप्रेषण) जस्ता वित्तीय सेवाहरू एकै थलोबाट प्रदान।
- सेवाका लागि पूरा गर्नुपर्ने प्रशासकीय सेवाहरू एक थलोबाट प्रदान ।
- व्यावसायिक योजना तर्जमा र कार्यान्वयन ।
- सहकारीको सिद्धान्तअनुरूप निर्मित कृषि उद्देश्यमूलक संस्था ।
- अनुसरण कार्यक्रम (च्भउष्अिबतष्यल) अन्तर्गत एक संस्थाले छिमेकी गाउँ विकास समितिमा उस्तै प्रकारको संस्था निर्माण र गरिबसम्म सेवा विस्तार ।
- विपन्न वर्गको जीवनस्तर सुधारका लागि सामाजिक परिचालन र सामुदायिक विकासका कार्यक्रम सञ्चालन ।
- सीमित बैङ्किङ्ग सेवा पनि प्रदान ।

सञ्चालन खर्च र गुणस्तरीयताको पक्षबाट हेर्दासमेत कार्यक्रम विस्तारमा कठिनाइ देखियो । उपर्युक्त तथ्यलाई महसुस गरी जर्मन सहयोग नियोग (GIZ) को सहयोगमा कृषि विकास बैंकबाट ग्रामीण क्षेत्रमा साना किसानको स्वस्फूर्त र दिगो सङ्गठन निर्माण गरी गरिबबाटै गरिबको

विकास गर्ने नवीन खोजका रूपमा संस्थागत विकास कार्यक्रम सञ्चालन गरियो र यसैबाट साना किसान विकास आयोजनाले गर्दै आएका सम्पूर्ण क्रियाकलापको व्यवस्थापन साना किसान सहकारी संस्था (SFCL) का रूपमा ग्रामीण क्षेत्रमा निर्मित गरिबको आफ्नै सङ्गठनले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्ने कार्यप्रणाली अवलम्बन गरियो । साना किसान विकास आयोजनाको संस्थागत विकास कार्यक्रमबाट निर्मित र त्यस्ता संस्थाबाट सेवाविस्तारका सन्दर्भमा अनुसरण कार्यक्रममार्फत सिर्जना गरेका समेत देशका ४२ जिल्लामा २०६९जेठसम्ममा २६३ वटा साना किसान सहकारी संस्थाहरू वित्तीय अन्तर मध्यस्थकर्ताका रूपमा साना किसानहरूकै स्वामित्व, नियन्त्रण र व्यवस्थापनमा सञ्चालन भइरहेका छन् ।

## ३. साना किसान विकास बैङ्कको स्थापना

संस्थागत विकास कार्यक्रमका माध्यमबाट साना किसान विकास आयोजनाहरू साना किसान सहकारी संस्थामा परिणत हुने क्रम निरन्तर जारी रहेको र यसको कार्यसन्जालले बृहत्‌रूप लिंदै गएको अवस्थामा साना किसान सहकारी संस्थाहरूलाई जाने वित्तीय तथा गैरवित्तीय सेवामा निरन्तरता दिई त्यस्ता संस्थाको अनुगमन तथा क्षमता अभिवृद्धि गर्दै साङ्गठनिक तवरले दिगो र वित्तीय हिसाबले सक्षम वनाउन कृषि विकास बैंकको कार्यसन्जालबाट मात्र कठिनाइ हुने देखिएकाले नयाँ बनेका संस्थाहरूलाई जाने सेवा छिटोछरितो र अनुगमन प्रक्रिया प्रभावकारी बनाउन राष्ट्रिय स्तरको एक छुट्टै लघुवित्त विकास बैंकको आवश्यकता महसुस भयो । साना किसान विकास कार्यक्रमको मर्म र उद्देश्यलाई जीवन्त राख्न संस्थागत स्तरमा सिर्जित जोस, जाँगर र उत्साह कायम गर्न र स्वामित्वप्राप्तिपछिको वित्तीय सेवाको मागलाई सहज परिपूर्ति गर्न पनि एक संरक्षक संस्थाको आवश्यकता देखियो । यिनै आवश्यकतालाई दृष्टिगत गर्दै कृषि विकास बैंकको अग्रसरतामा विभिन्न क्षेत्रमा रहेका साना किसान सहकारी संस्थाहरू, नेपाल सरकार तथा अन्य वाणिज्य बैंकहरूसमेतको सेयर लगानीमा विक्रम सम्वत् २०५८ असार २२ गते एक विशिष्ट लघुवित्त विकास बैंकका रूपमा साना किसान विकास बैंक लि. को स्थापना भएको हो । साना किसानहरूको आफ्नै स्वामित्वमा स्वस्फूर्त र वित्तीय सक्षमतासहितको सशक्त विकास सन्जाल निर्माण गर्ने प्रक्रियामा यो बैंक आफैँमा एक पहिचान र नमुना मानिएको छ । यस बैंकले सेयरपुँजी, संस्थागत वचत, वाणिज्य बैंकहरूबाट लिएको कर्जा, दातृसंस्था तथा नेपाल सरकारबाट प्राप्त स्रोतलाई परिचालन गरी साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरूको कर्जामागलाई पूर्ति गर्दै आएको छ । यसका अतिरिक्त नेपाल सरकार र अन्य वैदेशिक सङ्घसंस्थासँग समन्वय गरी पशुबीमा, सामाजिक तथा सामुदायिक संस्थाको क्षमता अभिवृद्धि र सेवा पाउने साना किसानको सङ्ख्यावृद्धिका लागि अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । २०६९ जेठको अन्त्यसम्म २६३ साना किसान सहकारी संस्था र २४ वटा अन्य लघुवित्त संस्था गरी

कूल २८७ संस्थाहरू यस बैंकको थोक कर्जा कारोबारमा संलग्न भएका छन् ।

## ४. बैङ्कको उद्देश्य (Objectives)

थोक कर्जा लगानी गर्ने केन्द्रीय स्तरको लघुवित्त विकास बैंकको मान्यताअनुरूप यस बैंकको उद्देश्य निम्नानुसार रहेको छ –

(क) नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरू र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने ।

(ख) नेपाल राष्ट्रबैंकको मार्गदर्शनअनुरूप सहकारी संस्था तथा लघुवित्त संस्थाहरूको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ग) लघु व्यवसाय एवं ग्रामीण वित्तबजारको विकास, विस्तार, प्रवर्द्धन र सुदृढीकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक तालिम उपलब्ध गराउन सहयोग पुऱ्याउने ।

(घ) संस्थाहरूको संस्थागत एवं मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने ।

(ङ) संस्थाहरूमार्फत ग्रामीण जनताको आम्दानी एवं रोजगारीको अवसरमा अभिवृद्धि गरी गरिबी निवारणसम्बन्धी कार्यमा सघाउ पुऱ्याउने ।

(च) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्द्धाका माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

## ५. बैङ्कका कार्यहरू (Functions)

यस बैंकले हालसम्म निम्न क्रियाकलापलाई आफ्नो कार्यक्षेत्रका रूपमा लिएको छ –

(क) साना किसान सहकारी संस्था लगायत अन्य यस्तै प्रकृतिका लघुवित्त संस्थाहरूलाई छोटो र मध्यम अवधिको थोक कर्जा र पुनर्कर्जा प्रदान गर्ने ।

(ख) नेपाल सरकार तथा दातृसङ्घ/संस्थाहरूबाट प्राप्त स्रोत परिचालन गरी संस्थाहरूमार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने ।

(ग) आबद्ध संस्थाहरूको साङ्गठनिक तथा वित्तीय सक्षमता विकासका लागि आवश्यक वित्तीय सहयोग पुऱ्याउने ।

(घ) संस्थाहरूको सबलीकरणका लागि नियमित परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग पुऱ्याउने ।

(ङ) आबद्ध संस्थाहरूको वित्तीय कारोबारलगायत समग्र क्रियाकलापको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने ।

(च) विद्यमान साना किसान सहकारी संस्थाहरूलाई सेवा नपुगेका अन्य स्थानमा समान प्रकृतिका संस्थाहरू निर्माण गर्न अनुसरण (Replication) कार्यक्रम सञ्चालन गर्ने कार्यमा अभिप्रेरित, प्रोत्साहन र सहयोग गर्ने ।

(छ) लघुवित्तसम्बन्धी अन्य देशमा सञ्चालित असल अभ्यासको खोजी गरी आबद्ध संस्थाहरूमा समेत सञ्चालन गर्न अभिप्रेरित गर्ने ।

(ज) संस्थाहरूको वित्तीय स्व-सक्षमता र दिगोपनालाई निरन्तर अभिवृद्धि गर्न आवश्यक रणनीति अवलम्बन गर्ने/गराउने ।


(झ) ग्रामीण विकास वित्तको सफल अवधारणा तथा प्रारूपलाई अरू संस्थामा समेत लागू गराउने ।

(ञ) नेपाल राष्ट्रबैंकको मार्गदर्शनअनुरूप बैंकको वित्तीय सूचकाङ्क कायम गर्दै संस्थागत सुशासनमा रहने ।

## ६. सङ्गठनात्मक संरचना

साधारणसभा बैंकको सर्वोच्च साङ्गठनिक निकाय हो । सञ्चालक समितिमा कार्यकारी अधिकार रहेको हुन्छ । बैंकको सञ्चालन व्यवस्थाको लागि सञ्चालक समितिअन्तर्गत प्रमुख कार्यकारी अधिकृत रहने र त्यसअन्तर्गत विभिन्न विभाग, फाँट तथा इलाका कार्यालयहरू रहने व्यवस्था छ । सञ्चालक समितिअन्तर्गत लेखापरीक्षण समिति रहने तथा बैंकका व्यवस्थापन तहका कर्मचारीले कम्पनी सचिवको समेत कार्य गर्ने व्यवस्था मिलाइएको छ । प्रत्येक इलाका कार्यालयहरूमा समेत विभिन्न फाँटहरू रहने र सोसम्बन्धी जिम्मेवार कर्मचारी तोक्ने व्यवस्था रहेको छ । बैंकको विद्यमान साङ्गठनिक ढाँचा पछिल्लो पानामा छ ।

# सङ्गठनात्मक संरचना



# साना किसान विकास बैंकका केही सूचकहरू

| विवरण | इकाइ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ जेठ |
|---|---|---|---|---|---|---|---|---|
| सामान्य जानकारी | | | | | | | | |
| लघुवित्त संस्थाहरू | सङ्ख्या | १४१ | २१९ | २२० | २२४ | २३४ | २५१ | २८७ |
| कूल ग्राहकसंस्था | सङ्ख्या | ८५७३० | १२९८५१ | १३९३६८ | १४५४१९ | १५९७६७ | १८९८७७ | २२५४९४ |
| लगानीमा रहेको ऋण | (रु.०००) | ९५९७९२ | १३२७०४३ | १४४५४२४ | ७५२७०१ | १११६०९६ | १८७७४७७ | २६५९९३९ |
| कूल सम्पत्ति | (रु.०००) | ११५४१३० | १५३७४६० | १५८३९९५ | ११३७२९३ | १३१०४२० | २६९९७४० | ३५४७६७१ |
| कूल कर्मचारी | सङ्ख्या | ४८ | ४८ | ५० | ४९ | ४८ | ४८ | ४९ |
| कर्जा सम्पत्तिको गुणस्तर | | | | | | | | |
| भाखा नाघेको ऋण | % | ५.५ | ३.९ | ६.१ | ० | ०.४ | १.७ | १.९ |
| ऋण असुली दर | % | ८४.५ | ८५.२ | ८६.९ | ९९.९ | ९९.२ | ९८.३ | ९७.२ |
| बाँकी व्याज/ऋण | % | ६.६ | ५.९ | ४.२ | ०.२ | ०.१ | ०.०२ | ०.०४ |
| दक्षता/सक्षमता | | | | | | | | |
| प्रतिकर्मचारी ल.र.र. | (रु.०००) | १९९९६ | २७६४७ | २८९०८ | १५३६१ | २३२५२ | ३९११४ | ५४२८४ |
| प्रतिसदस्य औसत ऋण | (रु.०००) | ११ | १० | १० | ५.२ | ७.१२ | ९.९ | ११.८ |
| सञ्चालन स्वक्षमता | % | १०१ | १०२ | १२६ | १२४ | १३२ | ११८ | १२३ |
| खुद नाफा | (रु.०००) | ४६९ | ११२२ | ७१४७ | १५१६४ | १९०४० | २९०७० | ५३०३७ |
| बृद्धि | | | | | | | | |
| कूल सम्पत्तिमा वृद्धि | % | १० | ३३ | ३ | -२८ | १५ | १०६ | ३० |
| कर्जा सम्पत्तिमा वृद्धि | % | ११ | ३८ | ९ | -४८ | ४८ | ६८ | ४१ |


## ७. प्रगति सारांश

२०६९ जेठ मसान्तसम्ममा ३७० गा. वि. स. का २८७ वटा सहकारी संस्था बैंकमा आबद्ध भएका छन् । यी संस्थाहरूमार्फत लगभग २ लाख २५ हजारभन्दा बढी विपन्न तथा साना किसानहरूले लघुवित्तसेवा प्राप्त गरेका छन् । आ. व. २०६४/६५ मा नेपाल सरकारद्वारा घोषणा गरिएको कर्जामिनाहा कार्यक्रमबाट रु. ७५ करोडमा झरेको बैंकको लगानीमा रहिरहेको आ. व. २०६७/६८ को तुलनामा ऋणमा आ. व. २०६८/६९ को जेठसम्ममा २५५ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ६६ करोड पुगेको छ । असुली दर ९७.२ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६७/६८ मा रु. २ करोड ९१ लाख खुद मुनाफा भएकोमा आ. व. २०६८/६९ को वैशाखसम्मको १० महिनाको अवधिमा १८२% प्रतिशतले वृद्धि भई रु. ५ करोड ३० लाख पुगेको छ । बैंकको आ. व. २०६२/६३ देखि आ. व. २०६८/६९ वैशाखसम्मका केही सूचकहरूको तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## ८. बैङ्कको सेयर पुँजी संरचना

वि. सं. २०५८ मा बैंक स्थापना गर्दा नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक लि., नबिल बैंक लि. र २१ वटा साना किसान सहकारी संस्थाहरू संस्थापकका रूपमा रहेका थिए । यो बैंक साना किसान सहकारी संस्थाहरूलाई लक्षित गरी स्थापना गरिएको हुँदा कूल सेयरपुँजीको अधिक हिस्सा तथा बहुमत साना किसान सहकारी संस्थाहरूको नभएसम्म कृषि विकास बैंक लि. तथा अन्य संस्थापकहरूले आ-आफ्नो स्वामित्वमा रहेको सेयर क्रमशः साना किसान सहकारी संस्थाहरूलाई बिक्री गर्ने भन्ने बैंक स्थापनाको लक्ष्यअनुरूप बैंकको पुँजी-आधारसमेत बढाउँदै

### बैंकको शेयर संरचना रू. हजारमा



लैजाने निर्णयका साथ बैंकको आठौँ साधारणसभाबाट बैंकको अधिकृत पुँजी रु. २४ करोड र चुक्ता पुँजी रु. २० करोड बनाउने र आवश्यकताअनुसार साधारण सेयर निष्कासन गर्ने निर्णयसमेत भयो। त्यसअनुसार हालसम्ममा कूल चुक्ता पुँजी रु. १४ करोड पुगेको छ।

संस्थापक सेयरधनी नेपाल सरकारको निजीकरण नीतिअनुरूप रु. २ करोड बराबरीको सेयर स्वामित्व साना किसान सहकारी संस्थाहरूलाई बिक्री भएको छ भने कृषि विकास बैंक लि. ले पनि अघिल्ला वर्षहरूमा नै उक्त संस्थाहरूलाई आफ्नो स्वामित्वको केही सेयर बिक्री गरी सेयर स्वामित्व रु. ४ करोड ४० लाख ५३ हजारमा झारेको छ। २३१ वटा साना किसान सहकारी संस्थाहरूबाट सेयर लगानी बढाई कूल रु. ७ करोड ७७ लाख ३४ हजार पुऱ्याइएको छ र संस्थाहरूका तर्फबाट सञ्चालक प्रतिनिधित्व सङ्ख्यासमेत ३ भएको छ।

## ९. कार्यसन्जाल

### १. बैङ्कका कार्यालयहरू

यस बैंकको काठमाडौंमा एक केन्द्रीय कार्यालय र विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी आठवटा इलाका कार्यालयहरू रहेका छन्। संस्थाहरूलाई सहज रूपमा वित्तीय र प्राविधिक सेवा उपलब्ध गराउन अञ्चलअनुसार मेचीका लागि बिर्तामोड (झापा), कोसीका लागि इटहरी (सुनसरी), सगरमाथा र जनकपुरका लागि जनकपुर (धनुषा), नारायणीका लागि हेटौडा (मकवानपुर), बागमतीका लागि गजुरी (धादिङ), लुम्बिनीका लागि बुटवल (रूपन्देही), गण्डकी र धवलागिरीका लागि पोखरा (कास्की) र राप्ती, भेरी, सेती र महाकालीका लागि नेपालगञ्ज (बाँके) मा इलाका कार्यालयहरू स्थापना भएका छन्। इलाका कार्यालयहरूले आफ्नो कार्यक्षेत्रअन्तर्गतका साना किसान सहकारी संस्थालगायत अन्य सहकारी एवं लघुवित्त संस्थाहरूलाई थोक कर्जा एवं प्राविधिक सहयोग प्रदान गर्दै आएका छन्।

### २. साना किसान सहकारी संस्था एवं अन्य लघुवित्त संस्थाहरू

विपन्न तथा साना किसानलाई स्थानीय स्तरमा नै लघुवित्तसेवा पुऱ्याउने कार्यमा संलग्न साना किसान सहकारी संस्थाहरूबाट आर्थिक कार्यक्रमअन्तर्गत आफ्ना कृषकको आयवृद्धि गर्न विभिन्न कार्यका लागि कर्जासेवा प्रदान हुँदै आएको छ। यस बाहेक संस्थाको आन्तरिक स्रोतवृद्धिका लागि सदस्य कृषकबाट विभिन्न किसिमका बचत सङ्कलन, पशुबीमा कार्यक्रम सञ्चालन र संस्थाको सेयर खरिदमा साना किसानलाई उत्प्रेरित गर्ने कार्यसमेत गर्दै आएका छन्। यस बैंकसँग कारोबारमा रहेका संस्थाहरूको आ. व. २०५९/६० देखि २०६८/६९ जेठसम्मका केही सूचकहरू तालिकामा प्रस्तुत गरिएका छन् –

# ग्राहक संस्थाहरूका केही सूचकहरू

| विवरण | ०५९/६० | ०६०/६१ | ०६१/६२ | ०६२/६३ | ०६३/६४ | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | ०६७/६८ | ०६८/६९ जेष्ठ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संस्था सङ्ख्या | ५८ | ९४ | ११४ | १४१ | २१९ | २२० | २२४ | २३४ | २५१ | २८७ |
| महिला संस्था सङ्ख्या | ० | ३ | ८ | १२ | २० | २२ | २२ | २६ | ४२ | ५६ |
| समूह सङ्ख्या | ५७४१ | ८७३० | १०८८३ | १३३२२ | २०३५५ | २२३४६ | २३३१३ | २४४१२ | २८४२३ | ३१४२६ |
| सदस्य सङ्ख्या | ३८३३१ | ५८२७३ | ७१००७ | ८५७३० | १२९८५१ | १३९३६८ | १४५९६२ | १५९७६७ | १८९८७७ | २२५४९४ |
| महिला सदस्य प्रतिशत | ४१% | ४४% | ४४% | ४८% | ४९% | ५२% | ५६% | ५९% | ६३% | ६५% |
| वचत (रु. हजारमा) | ३४९५५ | ५७९२९ | ८०८११ | ११३५२३ | २०२७३२ | २४४२३३ | ३०६०५२ | ५३०४९९ | ८२७१७३ | ९४८३६२ |
| सेयर पुँजी (रु. हजारमा) | ८६७२ | ११८७७ | १६६८० | ७२९५४ | ५८८५० | ८६७९६ | १३२०६० | २६०९३० | ४५२९६४ | ६०२०६८ |
| आन्तरिक पुँजी (रु. हजारमा) | १५१६३४ | २१५१८८ | २९७३२४ | ४३३०३३ | ७२७१८७ | ९१६१८३ | १२८१६१४ | १९०२१०९ | २९९२८७३ | ३८०१२७७ |
| लगानीमा रहेको ऋण (रु. हजार मा) | ६५७०५६ | ९४१६२० | ११९८८९९ | १४३४५३९ | २१२८९७१ | २४२९१७० | २३३२८५९ | ३३५५१४४ | ४९८१६२४ | ६३५७३४० |

# १०. बैंकबाट सञ्चालित कार्यक्रमहरू

## १. थोक लघुकर्जा कार्यक्रम

साना किसान विकास बैंकले ग्रामीण क्षेत्रमा महिला, दलित, पिछडिएका वर्ग र गरिबहरूसम्म अझ प्रभावकारी रूपले लघुवित्तसेवालाई विस्तार गर्न साना किसान सहकारी संस्थाहरू एवं अन्य लघुवित्त संस्थाहरूलाई थोक कर्जा प्रदान गर्ने व्यवस्था मिलाएको छ। आफ्ना सदस्य/ग्राहकहरूबाट माग भइआएको कर्जा आन्तरिक स्रोतबाट पूरा गर्न असमर्थ भएका लघुवित्त संस्थाहरूले यस बैंकसँग थोक कर्जा प्राप्त गर्न सक्नेछन्।

### (क) थोक कर्जाबाट संस्थाले लगानी गर्न सक्ने लक्षित समुदाय

१. आफ्नो वा एकाघरपरिवारको नाममा पहाडमा बढीमा १५ रोपनीसम्म वा तराईमा १ बिगाहासम्म जमिन भएका वा सो जमिनबाट वर्षभरि खानलाउन नपुग्ने व्यक्ति वा घरपरिवार,

२. आफ्नो वा आफ्नो एकाघरपरिवारका सदस्यको नियमित आयस्रोत नभई वर्षभरि खानलाउन नपुग्ने व्यक्ति वा घरपरिवार,

३. सरकारी निकाय वा अन्य बैंक तथा वित्तीय संस्थाबाट सञ्चालित आयमूलक कार्यक्रमद्वारा कर्जा सहयोग प्राप्त गरी तिर्नुपर्ने बाँकी कर्जा नदेखिएको व्यक्ति वा घरपरिवार,

४. दलित, मधेसी, पिछडिएका जाति र जनजातिहरू, विपन्न वर्गका महिलाहरू र

५. लघुउद्यमीहरू साना किसानहरू।

### (ख) थोक कर्जा प्राप्त गर्न संस्थाहरूको न्यूनतम योग्यता

१. लघुवित्तक्षेत्रमा काम गर्ने सहकारी संस्था वा नेपाल राष्ट्रबैंकबाट वित्तीय कारोबार गर्न इजाजतप्राप्त गैरसरकारी संस्था,

२. कम्तिमा २ वर्षदेखि कारोबार सञ्चालन गर्दै आएको,

३. ४०% वा सोभन्दा बढी महिला सदस्यसहित कम्तीमा ३०० सदस्य भएको,

४. दोहोरो लेखाप्रणालीका सिद्धान्तअनुरूप लेखा राखी वार्षिक लेखापरीक्षण गरेको,


५. संस्थाका कर्मचारी/सञ्चालक वा उनीहरूका एकाघरपरिवारका सदस्यहरूले आफ्नो वा अन्य संस्थाबाट कर्जा लिएको भएमा सीमाभित्र रही नियमित रूपमा भाखा ननघाई बुझाउने गरेको,

६. हुनुपर्ने न्यूनतम वित्तीय सूचकहरू- वार्षिक असुली दर ८५% भन्दा माथि, कूल वित्तीय स्रोतको ४०% भन्दा बढी हिस्सा आन्तरिक स्रोतबाट पूरा भएको, सञ्चालन स्वसक्षमता १००% भन्दा बढी भएको, सम्पत्ति पुँजी कोष अनुपात ५% भन्दा बढी र धनात्मक नेटवर्थ भएको ।

## (ग) बैङ्कको थोक कर्जा कारोबारको अवस्था

स्थापनादेखि २०६९ जेठमसान्तसम्ममा यस बैंकले २६३ वटा साना किसान सहकारी संस्थाहरू र २४ वटा अन्य लघुवित्तसंस्था गरी जम्मा २८७ वटा संस्थामार्फत लघुवित्तमा कूल रु. १० अर्ब ७६ करोड ऋण लगानी गरी सोमध्ये रु ७ अर्ब ३४ करोड ऋणको सावाँ असुल गरिसकेको छ । यस अवधिमा बैंकको लगानीमा रहिरहेको ऋण रकम रु. २ अर्ब ६६ करोड रहेको छ । यस बैंकको स्थापना देखि २०६९ जेठसम्मको कर्जा कारोबारको विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ ।

## सुरुदेखि २०६९ जेठसम्मको बैंकको कर्जा कारोबार झलक



## २. मासुजन्य पशुपालन कर्जा कार्यक्रम

मासुजन्य पदार्थमा भएको ठूलो आयात प्रतिस्थापन गर्न पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता महसुस गरी यस बैंकले नेपाल सरकारसमक्ष साना किसानहरूको संलग्नतामा पशुपालन अभियान सञ्चालन गर्न प्रस्ताव प्रस्तुत गरेको थियो, जसअनुरूप नेपाल सरकारले आ. व. २०६७/६८ को वार्षिक कार्यक्रम तथा बजेटमार्फत मासु उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्न पशुपालन कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरिने जनाउँदै साना किसान विकास बैंक र साना किसान सहकारीमार्फत पशुपालक कृषकहरूलाई सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ । यस कार्यक्रमलाई प्रभावकारी कायान्वयन गर्ने सन्दर्भमा नेपाल सरकारबाट "पशुपालन कर्जासम्बन्धी कार्यविधि, २०६७" मिति २०६७ माघ ३ गते जारी भई कार्यान्वयनमा रहेको छ। यस कार्यक्रमअन्तर्गत देशका १८००० पशुपालक साना किसानलाई रु. १.५ अर्ब मासुजन्य पशुपालन कर्जा लगानी गर्ने लक्ष्य रहेको छ ।

२०६७ चैत्रदेखि संस्थाका सदस्यहरूबाट कर्जाको माग सङ्कलन सुरु गरी सोही महिनाको अन्त्यबाट लगानी कार्य प्रारम्भ गरिएको यस कार्यक्रममा २०६९ जेठमसान्तसम्म अर्थात् लगभग १४ महिनाको अवधिमा १८७ साना किसान कृषि सहकारी संस्थासँग आबद्ध ३९३५९ जना साना किसान सदस्यबाट रकम रु. एक अर्ब ५४ करोड १७ लाखबराबरको पशुपालन कर्जा माग भइआएको छ। उक्त माग भएको कर्जामध्ये १८७ संस्थाका २८७९३ जना साना किसान सदस्यलाई लगानी गर्ने गरी बैंकले रकम रु. एक अर्ब ३७ करोड ऋण स्वीकृत गरेको छ । उक्त स्वीकृत कर्जामध्ये १८२ संस्थाका १६९८९ जना साना किसानलाई रकम रु. एक अर्ब तीन करोड ४१ लाख ऋण लगानी भइसकेको छ । लगानी भएको ऋणमध्ये ५९०९२ बाख्रा, १०७४० बङ्गुर, ४८६९ पाडापाडी र ७०४४ वटा भैँसी गरी कूल ८१७४५ वटा मासुजन्य पशुपालनका लागि ऋण प्रवाह भएको छ। अहिलेसम्म लगानी भएको ऋणमा ४७ प्रतिशत बाख्रा, ९ प्रतिशत बङ्गुर, ६ प्रतिशत पाडापाडी र ३८ प्रतिशत रकम भैँसीपालनमा लगानी भएको देखिन्छ ।



# ३. स्वरोजगार कर्जा कार्यक्रम



आफूसँग भएको सीपको सदुपयोग गरी स्वयं कामधन्दा गर्ने उद्यमी वा इलमीलाई स्वरोजगार भनिन्छ । स्वरोजगार कार्यक्रम भनेको पहिले सीप र त्यसपछि पुँजीको व्यवस्था गरी दिने कार्यक्रम हो । स्वरोजगार कर्जाको मूल मर्म भने को पुँजीको अभावमा आफ्नो सीपको सदुपयोग गर्नबाट वञ्चित सीप र क्षमता भएका अनुभवी तथा तालिमप्राप्त व्यक्तिलाई निजसँग भएको दक्षताअनुसारको कार्य गर्न ऋणपुँजी उपलब्ध गराउनु हो । सीप, क्षमता र दक्षता भई पुँजीको अभावमा बेरोजगार अवस्थामा रहेका दलित, जनजाति, महिला तथा पिछडिएका बेरोजगार साना किसानलाई युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा जम्मा भएको वित्तीय स्रोतको केही अंश यस बैंकमार्फत परिचालन गर्ने अभिप्रायले कोष र बैंकबीच आर्थिक वर्ष २०६७/६८ देखि तीन वर्षको अवधिमा १०,००० साना व्यवसायीहरूलाई स्वरोजगार व्यवसाय कर्जा उपलब्ध गराउने गरी मिति २०६७ फागुन २० का दिन रु. १ (एक) अर्बको ऋणसम्झौता भएको छ । सोही सम्झौता अनुसार साना किसान विकास बैंक लि. ले बैंकमा आबद्ध साना किसान सहकारी संस्था तथा अन्य लघुवित्त संस्थामार्फत सहुलियत ब्याजदरमा स्वरोजगारयुक्त व्यवसाय सञ्चालन गर्न कर्जा सेवा उपलब्ध गराउँदै आएको छ ।

कोष र बैंकबीच भएको ऋणसम्झौताअनुरूप २०६७ फागुनमा पहिलो वर्षको पहिलो किस्ताबापत बैंकलाई कोषबाट रु. ९ करोड ऋण प्राप्त भएको थियो । उक्त रकमबाट १८ जिल्लाका ४९ साना किसान कृषि सहकारी संस्थामा संलग्न ६४७ जना उद्यमीहरूलाई कूल रु. नौ करोड ५५ लाख कर्जा लगानी गरिएको छ । यसबाट झन्डै १२०० युवा तथा साना व्यवसायी तथा बेरोजगारहरूले स्वरोजगार हुने अवसर प्राप्त गरेका छन् । २० जना उद्यमीबाट ऋण असुली भइसकेको छ भने बैंकले कोषबाट लिएको रु. नौ करोड ऋणमध्ये रु. १.५ करोड रकम फिर्ता बुझाइसकेको छ । अनुगमन तथा अवलोकनका क्रममा साना किसानहरूले यस ऋणबाट सञ्चालन गरेको परियोजना अनुकरणीय र प्रभावकारी रहेको देखिएको छ । कोषबाट बैंकले सम्झौताअनुरूप निकासा पाउनुपर्ने दोस्रो किस्ता निकासा भइनसकेको कारण हाल यो ऋण कार्यक्रम स्थगित अवस्थामा रहेको छ ।



## ११. अनुसरण कार्यक्रम (Farmer to Farmer Replication Programme)

बाहिरी निकायहरूद्वारा प्रवर्द्धन गरिने कार्यक्रमहरूको लागत बढी हुने र स्थानीय आवश्यकतासँग पूर्ण रूपले मेल नखानेसम्मका समस्याहरू रहने गर्दछन् । साना किसान सहकारी संस्थाको प्रवर्द्धनमा पनि साना किसान विकास आयोजनाको उच्च सञ्चालन खर्च, अस्थानीय कर्मचारीद्वारा कार्यक्रम सञ्चालन आदि कारणले गर्दा नयाँ गा. वि. स. मा साना किसान सहकारी प्रवर्द्धन गर्न छिमेकी गा. वि. स. को साना किसान सहकारी संस्थालाई सहभागिता प्रदान गर्ने नीति अवलम्बन गरियो । त्यसबाट कार्यक्रमको प्रभावकारिता अझ बढ्न गई सञ्चालन लागत कम हुने तथा कार्यक्रम विस्तारको गतिसमेत तीव्र हुने देखिएकाले एउटा गा.वि.स. को साना किसान सहकारी संस्थाको




सहयोगमा अर्को गा. वि. स. का साना किसानलाई सङ्गठित गराई उनीहरूको आर्थिक र सामाजिक विकासका लागि स्थानीय स्वायत्त सहकारी संस्था निर्माण गरिने नौलो खोजपूर्ण अभ्यास “साना किसान संस्थागत विकास अनुसरण कार्यक्रम Farmer to Farmer Replication Programme)” को नामबाट सुरु गरियो ।

नेपाल सरकारको सहयोगमा १२९, कृषि विकास बैंक एवं जर्मन सहयोग नियोग (GIZ) को सहयोगमा ६ र यस बैंकलाई प्राप्त पुरस्कारको स्रोतबाट ७ वटा गरी १४२ वटा अनुसरण कार्यक्रम सञ्चालन गरिएकोमा तीमध्ये हालसम्म ५२ वटा संस्थाहरू परिपक्व भई सञ्चालनमा आएका छन् भने ९० वटा संस्थाहरू संस्थागत प्रक्रियामा रहेका छन् । बैंकसँग अहिले कारोबारमा आबद्ध २८७ र साना किसान सहकारी अनुसरण कार्यक्रमअन्तर्गत संस्थागत प्रक्रियामा रहेका ९० गरी कूल ३७७ संस्था रहेका छन् । नेपाल सरकारको सहयोगको निरन्तरताका साथै अन्य थप सहयोगी निकाय एवं दातृसंस्थाको सहयोग प्राप्त भएमा आगामी दिनमा व्यापक रूपमा साना किसान सहकारी संस्था विस्तार गरी माग र औचित्यको आधारमा संस्थाहरूको झुन्ड (Cluster) तयार गर्न र ती संस्थामार्फत लघुवित्तसेवा उपलब्ध गराई ग्रमीण गरिबी घटाउने कार्यमा योगदान पुर्‍याउन बैंक प्रतिबद्ध रहनेछ ।

## १२. सेवाक्षेत्र विस्तार कार्यक्रम

लघुवित्तसेवाको पहुँचमा आउन नसकेका अति विपन्न, महिला, दलित, जनजाति र पिछडिएका वर्गलाई द्रुत गतिमा सेवा विस्तार गर्न इन्क्लुड जीईजेडको सहयोगमा यस बैंकले विगतका वर्षहरूमा सेवाक्षेत्र विस्तार प्रतिस्पर्द्धा आयोजना गरेको थियो । पटकपटक गरी ५० संस्थाहरूले भाग लिएको यस प्रतिस्पर्द्धामा आकर्षक पुरस्कारको समेत व्यवस्था गरिएको थियो । यसको प्रभावस्वरूप धेरै संस्थाहरू स्वस्फूर्तरूपमा आफ्नै गा. वि. स. र छिमेकी गा. वि. स. मा समेत कार्यक्षेत्र विस्तार गरी विपन्न वर्गलाई वित्तीय सेवा विस्तार गर्न उत्प्रेरित हुने कार्यले निरन्तरता पाएको छ । यसबाट एकातर्फ सेवा पाउनेको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ भने अर्कोतर्फ संस्थाको व्यवसायवृद्धिका साथै वित्तीय सक्षमता बढाउनमा टेवा पुगेको छ ।

## १३. पशुधन सुरक्षण कार्यक्रम (Live Stock Security Programe)



साना किसान सहकारी संस्थाबाट आफ्ना सदस्य कृषकहरूलाई प्रवाह हुने कर्जाको झन्डै आधा हिस्सा पशुपालन व्यवसायअन्तर्गतका शीर्षक विशेषतः गाई, भैंसी, बाख्रा र बङ्गुरपालनमा लगानी हुने गरेको छ । यो व्यवसाय जति लाभप्रद छ, त्यति नै जोखिमपूर्ण रहेकाले पालन गरिएका पशुको अकाल मृत्यु हुँदा सदस्य कृषकलाई पर्ने आर्थिक भारबाट जोगाउन साना किसान सहकारी संस्थाहरूको सक्रियतामा पशुधन सुरक्षण कार्यक्रम सञ्चालन हुँदै आएको छ । विपन्न तथा साना किसानहरूको पशुधनको सुरक्षणका लागि साना किसान सहकारी संस्था स्वयंले व्यवस्थापन गर्ने गरी सामुदायिक पशुबीमा कार्यक्रम सञ्चालन गरिएको छ । किसान स्तरमा गठित पशु मूल्याङ्कन समितिले सदस्य किसानको पशु मूल्याङ्कन गर्ने, पशुधनी किसानले मूल्याङ्कित रकमको ५% प्रिमियम वापत पशुबीमा कोषमा जम्मा गर्ने, नेपाल सरकारबाट प्राप्त हुने थप ५% प्रिमियम अनुदान बैंकमार्फत उक्त कोषले प्राप्त गर्ने, सो कोषको रकमबाट संस्थाले ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता, पशुस्वास्थ्य सेवा र क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था मिलाइएको छ । आ. व. २०६८/६९ को वैशाखसम्ममा रु. ७३ करोड ८ लाख १९ हजार मूल्यका ५१,६७८ वटा पशुको सुरक्षण भएको, उक्त पशुधन सुरक्षण गर्दा पशुधनी साना किसान सदस्यबाट रु. ५ करोड २० लाख ४ प्रिमियम सङ्कलन र सोमा नेपाल सरकारबाट प्राप्त अनुदान थप गरी देशका १८७ साना किसान सहकारी संस्थाहरूमा रु. १० करोड ३९ लाख बराबरको पशुधन सुरक्षण कोष निर्माण भइसकेको तथ्यले यस कार्यक्रमको प्रभावकारिता झल्काउँछ ।

# १४. क्षमता विकास कार्यक्रम

## (क) अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा अध्ययन भ्रमण



अन्तर्राष्ट्रिय लघुवित्तसम्बन्धी कार्यक्रमहरूमा बैंकका उच्च पदाधिकारीबाट भाग लिइने र CICTAB आदि संस्थाबाट सञ्चालन हुने तालिम तथा भ्रमण कार्यक्रममा यस बैंकका तर्फबाट सहभागिता रहँदै आएको छ । यसै अनुरूप उक्त संस्थाको भारतलगायत अन्य सदस्य देशमा सञ्चालन हुने तालिममा यो बैंक र साना किसान सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूलाई पठाउने प्रक्रियालाई निरन्तरता दिइएको छ। CICTAB द्वारा सञ्चालित कार्यक्रमहरूमा यस बैंकका तर्फबाट श्रीलङ्कामा २ जना, भारतमा ६ जना र नेपालमा १ जना गरी ९ जना कर्मचारीले भाग लिएका छन् । यसै गरी साना किसान सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीसमेत ५० जनाभन्दा बढीलाई भारतमा भएका विभिन्न तालिम तथा भ्रमणमा सहभागी गराइएको छ । बैंक तथा साना किसान सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीलाई बाह्य देशमा सञ्चालित लघुवित्त कार्यक्रमसँग परिचित गराउने यस प्रकारको तालिम तथा भ्रमण कार्यक्रमलाई बैंकले आगामी दिनमा निरन्तरता दिनेछ ।

## (ख) संस्थागत क्षमता विकास कार्यक्रम तथा तालिम-गोष्ठी

यस बैंकले साना किसान सहकारी संस्थाहरूको क्षमता विकासका लागि विभिन्न तालिम-गोष्ठी सञ्चालन गर्दै आएको छ । सकेसम्म सबै संस्थाहरूलाई पशुपालन तथा व्यवस्थापन, पशुस्वास्थ्य तथा उपचार, वित्तीय व्यवस्थापन, वित्तीय विश्लेषण, सहकारी व्यवस्थापन, लेखानिरीक्षण सीप, अनुसरण कार्यक्रमसम्बन्धी सीप, अनुगमन तथा मूल्याङ्कन तथा सदस्यहरूको सीप अभिवृद्धिसम्बन्धी विभिन्न तालिम प्रदान गर्दै आएको छ। यस कार्यमा नेपाल सरकारले प्रदान गर्ने वित्तीय स्रोतको महत्वपूर्ण योगदान रहिआएको छ । बैंकले अहिलेसम्म १३७० भन्दा बढी तालिम तथा गोष्ठी आयोजना गरी ४९ हजारभन्दा बढी साना किसान सदस्यलाई तालिम तथा गोष्ठीमा सहभागी हुने अवसर प्रदान गरेको छ ।

# १५. सामाजिक सामुदायिक विकास कार्यक्रम

लघुवित्तसेवाले मात्र साना किसानको जिवनस्तरमा सुधार ल्याउन नसकिने महसुस गरी साना किसान सहकारी संस्थाहरूले आफ्ना सदस्यको समग्र पक्षमा सुधार ल्याउन नेपाल सरकार तथा आन्तरिक

# संस्थाहरूबाट सञ्चालित सामाजिक/सामुदायिक कार्यक्रमको विवरण

| विवरण(रकम रु.हजारमा) | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | ६८/६९ वैशाख | जम्मा |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रम सङ्ख्या | १७८ | ३२३ | १७७ | १३७ | १०८ | १५७ | १०८० |
| लाभान्वित परिवार सङ्ख्या | ९५५८ | ११२५५ | ५५४१२ | ११६६८३ | ३२०३५ | ३९७३१ | २६४६७४ |
| बैङ्क अनुदान रु. हजारमा | १४९९ | १५०० | १५०० | १४९७ | १५०० | ४७३३ | १२२२९ |
| संस्थाको खर्च रु.हजारमा | १४४५ | १४४५ | २३८४ | ३७९९ | १०५७३ | ९३७२ | २९०१८ |
| जनसहभागिता रु. हजारमा | १३४५ | १३४५ | २३५३ | २६१९ | १५६८ | ७६३८ | १६८६८ |
| कूल खर्च रु. हजारमा | ४२८९ | ४२९० | ६२३७ | ७९१५ | १३६४१ | २१७४३ | ५८११५ |



स्रोतको उपयोग गरी तालिमलगायत शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण, मातृशिशुकल्याण जस्ता सामाजिक कार्यक्रम र पुलपुलेसा तथा बाटोनिर्माण, विद्यालय तथा सामुदायिक भवन निर्माण/सिँचाई कुलो निर्माण/मर्मत, वृक्षारोपण आदि जस्ता सामुदायिक कार्यक्रम सञ्चालन गरेका छन्। यस्ता कार्यक्रममा संस्थाको आफ्नो वित्तीय स्रोत र कृषकको श्रमदानको उच्चतम उपयोग गरिएको छ भने बाह्य स्रोतको अंश एक तिहाइ मात्र भएको देखिन्छ । विभिन्न आर्थिक वर्षमा संस्थाहरूबाट सञ्चालित सामाजिक सामुदायिक कार्यक्रमको विवरण तलको तालिकामा प्रस्तुत छ ।

## १६. विप्रेषण सेवा



वैदेशिक रोजगारीका लागि ग्रामीण क्षेत्रबाट विदेश जानेहरूको सङ्ख्या बढ्दै गएको छ। गाउँठाउँमा विदेशबाट पठाइने रकम सहज ढङ्गले प्राप्त गर्न झेल्नुपरेको कठिनाइ कम गर्न बैंकले साना किसान सहकारी संस्थाहरूलाई समेत रेमिट्यान्स कारोबारमा संलग्न गराई घरआँगनमै रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छ । ग्रामीण क्षेत्रमा रहेका साना किसान सहकारी संस्थालाई सहज रूपमा रेमिट्यान्स कार्यक्रममा सरिक गराउँदा स्थानीय जनताले ठूलो राहत महसुस गरेको देखिएको छ ।

## १७. ग्रामीण वित्तीय क्षेत्र सुधार कार्यक्रम

एसियाली विकास बैंकबाट सन् २००४/२००५ मा यस बैंकको वित्तीय र सञ्चालन सम्बन्धमा विस्तृत अध्ययन गरी बैंकको पुन:संरचनाको योजना निर्माण भएको थियो। उक्त अध्ययनमा बैंक तथा साना किसान सहकारी संस्थाहरूको ऋणको गुणस्तरबारेमा अध्ययन गरी ऋणको गुणस्तर सुधार गर्न विभिन्न सुझावहरू दिएको थियो । उक्त पुन:संरचना योजनाअनुसार बैंकको पुन:संरचनाका लागि निम्न कार्यहरू सम्पन्न भएका थिए –

(क) बैंकको लेखासमितिलाई शसक्त र आन्तरिक नियन्त्रणप्रणालीलाई चुस्त बनाई आचारसंहिता लागू गरिएको छ ।

(ख) विद्यमान साङ्गठनिक ढाँचामा सुधार गरी हरेक कर्मचारीहरूलाई कार्यजिम्मेवारी तोक्ने, क्षमताविकासका गतिविधिहरू सञ्चालन गर्ने, प्रतिस्पर्द्धाबाट प्रमुख कार्यकारी अधिकृतको व्यवस्था गर्ने, बैंकमा आफ्नै कर्मचारीहरूको नियुक्ति र पदस्थापन गर्ने जस्ता मानव संसाधन व्यवस्थासम्बन्धी कार्यहरू सम्पन्न भएका छन् ।

(ग) साना किसान सहकारी संस्थाहरूको ऋण लगानी असुलीमा सुधार ल्याई ऋणको गुणस्तर कायम गर्ने, अनुभवी र सफल संस्थाबाट नयाँ साना किसान सहकारी संस्था निर्माणका लागि अनुसरण कार्यक्रम सञ्चालन गराई ग्राहक संस्थाहरूको सङ्ख्या तथा व्यवसाय विस्तार गर्ने र बैंकको पञ्चवर्षीय व्यावसायिक योजना बनाई सोको प्रभावकारी कार्यान्वयन गराउने कार्यको थालनी भएको छ ।



(घ) उपयुक्त र आवश्यक Computer Hardware र Software खरिद गरी बैंकको व्यवस्थापन सूचनाप्रणाली चुस्त तुल्याउने र सूचना सङ्कलन, प्रशोधन र सूचनाहरूको निर्णय-प्रक्रियामा प्रयोग गर्ने कार्यमा प्रभावकारिता ल्याउन एसियाली विकास बैंकको सहयोगमा आवश्यक कम्प्युटर, जेनेरेटरको खरिद कार्य सम्पन्न भई उपयुक्त सफ्टवेयर निर्माणकार्यको थालनी भइसकेको छ ।

(ङ) साना किसान सहकारी संस्था ग्रामीण लघुवित्त संस्थाको एक प्रभावकारी नमुना रहँदा पनि केही संस्थाहरूमा उत्पन्न भएका समस्याहरूका कारण बैंकको संस्था स्तरीकरण मापदण्डमा 'ग' र 'घ' वर्गमा पर्न गएकाले एसियाली विकास बैंकको वित्तीय सहयोगमा ३४ वटा संस्थाहरूमा पुनःसंरचना कार्यक्रम सम्पन्न गरिएको छ। ती संस्थाहरूमा सञ्चालित पुनःसंरचना कार्यक्रम अत्यन्त प्रभावकारी र उपलब्धिमूलक भएकाले यस कार्यक्रमलाई आर्थिक वर्ष २०६८/६९ मा पनि निरन्तरता दिने कार्यक्रम रहेको छ । पुनःसंरचना कार्यक्रम कार्यान्वयन गरिने संस्थाहरूको संस्थागत परीक्षण (Institutional Assessment) गरी तालिम तथा प्राविधिक सहयोगका माध्यमबाट पुनःसंरचना कार्यक्रम अघि बढाई ६ महिनाभित्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको छ ।

## १८. सहयोगी तथा साझेदार निकायहरू

१. **नेपाल सरकार** :- साना किसान विकास कार्यक्रमको प्रारम्भदेखि नै नेपाल सरकारको महत्वपूर्ण सहयोग रहँदै आएको छ। यस बैंकको स्थापनामा प्रवर्द्धक सेयरधनीका रूपमा नेपाल सरकारले रु. दुई करोड सेयर लगानी गरेको थियो भने उक्त सेयर साना किसान सहकारी संस्थाहरूलाई नै बिक्री गरेको छ । नेपाल सरकारले प्रत्येक वर्ष साना किसान सहकारी संस्थाहरूको सुदृढीकरण, साना किसान सहकारी अनुसरण, तालिम तथा गोष्ठी, सामाजिक सामुदायिक विकास, पशुपालन प्रवर्द्धन र पशुधन सुरक्षण कार्यक्रम आदिका लागि अनुदान सहयोग दिँदै आएको छ। यसका अलावा साना किसान विकास बैंकसँग आबद्ध साना किसान सहकारी संस्था लि. मार्फत १८००० पशुपालक साना किसानलाई लगानी गर्ने गरी रु. १.५ अर्बको मासुजन्य पशुपालन कर्जा लगानी गर्नसमेत यस बैंकलाई जिम्मेवारी प्रदान भएको छ। साथै अर्थ मन्त्रालयअन्तर्गतको युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग तीन वर्षभित्र १०००० बेरोजगार साना किसानहरूलाई लगानी गर्ने गरी रु. १ अर्बको ऋण सम्झौतासमेत भएको छ।

२. **नेपाल राष्ट्र बैंक** :- नेपाल राष्ट्रबैकं अन्तर्गत ग्रामीण स्वावलम्बन कोषबाट यस बैंकले निरन्तर लघुवित्तका लागि कर्जा प्राप्त गर्दै आएको छ। यसका अतिरिक्त सामुदायिक भूमिगत जल सिँचाई सेक्टर आयोजनाअन्तर्गत रु. १ करोड ८ लाख कर्जा प्राप्त भई साना किसान सहकारी संस्थाहरूमार्फत सिँचाई कार्यक्रम सञ्चालन गरिएको छ । नेपाल राष्ट्रबैंकबाट सीमित बैङ्किङ्ग कार्य गर्न इजाजतप्राप्त ११ वटा साना किसान सहकारी संस्थाको अनुगमन र निरीक्षण गर्ने महत्वपूर्ण जिम्मेवारी यस बैंकलाई प्रदान गरिएको छ। नियमनकारी निकायका रूपमा यस बैंकले नेपाल राष्ट्रबैंकबाट सदैव रचनात्मक सहयोग प्राप्त गर्दै आएको छ।

३. **कृषि विकास बैंक लि.** :- साना किसान विकास बैंकको स्थापनाको अगुवाइ गर्दै रु. सात करोड सेयर पुँजी लगानी गरी यस बैंकको मुख्य प्रवर्द्धकका रूपमा कृषि विकास बैंकले निरन्तर सहयोग प्रदान गर्दै आएको छ। लामो अवधिसम्म यस बैंकको व्यवस्थापन सम्हालेर बैंकको आफ्नै मानव संसाधन विकास गर्नेसम्मका कार्यहरूमा कृषि विकास बैंकको अहम् भूमिका रहेको छ। साना किसान सहकारी संस्थासँग रहेको रु. १ अर्ब २६ करोड ८७ लाखको कर्जा पोर्टफोलियो यस बैंकलाई हस्तान्तरण गर्नु मात्र नभएर थप आवश्यक वित्तीय स्रोत निरन्तर रूपमा उपलब्ध गराइरहेको छ । यसबाहेक अन्य प्राविधिक सहयोगमा समेत कृषि विकास बैंकको महत्वपूर्ण सहयोग रहँदै आएको छ।

४. **एसियाली विकास बैंक** :- साना किसान विकास बैंकको पुनर्संरचना कार्यक्रममा एसियाली

विकास बैंकको महत्वपूर्ण सहयोग रहेको छ। बैंक तथा संस्थाहरूको अवस्था अध्ययन विश्लेषण, पुनःसंरचना कार्यक्रम तर्जुमा, कम्प्युटर सफ्टवेयर, हार्डवेयर तथा जेनेरेटर खरिद, कमजोर संस्थाहरूको सुदृढीकरणमा सहयोग एवं परामर्शदाताको सेवा आदि बैंकका महत्वपूर्ण सहयोगहरू हुन् । यसै गरी पहाडी क्षेत्रमा लघुवित्तसेवा विस्तार कार्यमा कर्जा तथा प्राविधिक सहयोग उपलब्ध गराउने र बैंकको सुदृढीकरणका लागि परामर्श सेवा उपलब्ध गराउने कार्य जारी रहेको छ ।

५. **जी. आई. जेड.** :- साना किसान संस्थागत विकास कार्यक्रमको आरम्भदेखि नै तत्कालीन जी. टी. जेड. हाल जी. आई. जेड. ले महत्वपूर्ण सहयोग रहेको थियो। यस बैंकको स्थापना, साना किसान सहकारी संस्थाहरूको सुदृढीकरण र विकास, अनुसरण कार्यक्रम, सेवा विस्तार कार्यक्रम, बैंकका कर्मचारीहरूलाई उच्च शिक्षा तथा साना किसानसमेतलाई अन्तर्राष्ट्रिय तालिम भ्रमण आदिजस्ता कार्यक्रमहरूमा जी. आई. जेड. को सहयोग रहेकोमा आगामी दिनमा समेत निरन्तर साझेदारीको प्रयास हुँदै आएको छ ।

६. **नेपाल कृषि सहकारी केन्द्रीय संघ** :- साना किसान सहकारी संस्थाहरूको क्षमता विकास र गैरवित्तीय सेवाहरू प्रदान गर्दै आएको नेपाल कृषि सहकारी केन्द्रीय संघसँग यस बैंकले संस्थाहरूको सुदृढीकरण र विकासमा सहकार्य गर्दै आएको छ ।

७. **बैंक तथा वित्तीय संस्थाहरू** :- यस बैंकलाई आवश्यक पर्ने वित्तीय स्रोत विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले उपलब्ध गराउँदै आएका छन् । यस बैंकको सेयरधनीसमेत रहेको नबिल बैंक लि. ले लामो समयदेखि विपन्न क्षेत्र कर्जा उपलब्ध गराउँदै आएको छ। हिमालयन बैंक लि., एभरेस्ट बैंक, बैंक अफ एसिया नेपाल लि., नेपाल क्रेडिट एन्ड कमर्स बैंक लि., नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैंक लि., बैंक अफ काठमाडौं लि., एनएमबी बैंक लि., प्राइम कमर्सियल बैंक लि., सिद्धार्थ बैंक लि., सानिमा विकास बैंक लि., भिबोर विकास बैंक लि., स्ट्यान्डर्ड फाइनान्स लि. र प्रिमियर फाइनान्स कम्पनी लि. ले यस बैंकलाई विपन्न क्षेत्र कर्जा उपलब्ध गराउँदै आएका छन् । यी बैंकहरूले निःशुल्क रकमान्तरण सेवा प्रदान गरी बैंकको सञ्चालन खर्च घटाउनसमेत सहयोग गरेका छन् ।

८. **अन्य** :- सिक्ट्याब इन्डियाले यो बैंक तथा साना किसान सहकारी संस्थाका कर्मचारीहरूलाई समयसापेक्ष तालिम तथा गोष्ठीहरूमा सहभागी गराउँदै आएको छ भने यस बैंकको समेत सेयर रहेको सेन्टर फर माइक्रोफाइनान्सले समेत संस्था एवं बैंकका कर्मचारीहरूको क्षमताविकासमा सहयोग पुऱ्याउँदै आएको छ ।

## १९. पुरस्कार तथा सम्मान


साना किसानको स्वामित्व र साना किसानबाटै सञ्चालन तथा व्यवस्थापन भई अति न्यून शिरोभार खर्चमा ग्रामीण गरिबको जीवनस्तर सुधारमा सहयोग गर्ने साना किसान सहकारी संस्थाजस्तो ग्रामीण लघुवित्त संस्थाको नमुना (Model) र यसको भूमिकालाई कदर गर्दै विश्व बैंकअन्तर्गतको Consultative Group to Assist the Poor (CGAP) र कृषिविकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बाट यो बैंक सन् २००३ मा पुरस्कृत भएको छ । उक्त पुरस्कारको राशी ५० हजार डलर रहेको र उक्त रकमलाई अक्षयकोषमा राखी सोको परिचालनबाट अनुसरण कार्यक्रम सञ्चालन गराई थप विपन्न वर्गलाई लघुवित्तसेवाको पहुँचमा ल्याउने कार्य यस बैंकबाट हुँदै आएको छ ।





**World Bank / CGAP Pro-Poor Innovation Challange Award 2003**

# स्थापना काल देखि २०६९ जेठसम्मका केही सूचकाङ्कहरू


## कुल सम्पत्ति मौज्दात




## बैंकसँग आवद्ध सहकारी संस्थाहरू




## बैंकसँग आवद्ध सहकारी संस्थाहरूका सदस्य संख्या





Design : www.colornpixel.com


# साना किसान विकास बैंक लि.

**सुविधानगर, तिनकुने, काठमाडौं**

**फोन नं.:** ०१-४१११८२८/४१११७५२

**URL:** www.skbbl.com.np